

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन १४ गते सोमबार ❑ 26 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी धार्मिक पर्यटकीय सम्भावनाको प्रदेश हो : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १२ फागुन

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश धार्मिक पर्यटनका हिसाबले महत्वपूर्ण गन्तव्य रहेको बताएका छन् ।




बागलुङको सर्वसिद्धीधाम पञ्चकोटमा जारी अनन्तश्री ब्राह्माण्डीय महायज्ञको पाँचौं दिनको कार्यक्रममा आज उनले सम्बोधन गर्दै मुक्तिनाथ, कालीगण्डकी, देवघाट, त्रिवेणीधाम, दामोदरकण्ड जस्ता प्रसिद्ध धार्मिकस्थलहरु रहेका र पछिल्लो समय पञ्चकोट पनि एक धार्मिक गन्तव्यका रुपमा विकास भइरहेको बताए । उनले भने, "अझै पनि यहाँ कैयौं सुप्रसिद्ध धार्मिक तथा सांस्कृतिक गन्तव्य छन्, तिनको आवश्यक प्रचारप्रसार गरी धार्मिक एवं सांस्कृतिक पर्यटनको विकास गर्नुपर्छ ।" उनले धार्मिक तथा पर्यटकीय हिसाबले यस प्रदेशमा धेरै सम्भावना रहेकाले धार्मिक पर्यटनमार्फत समृद्ध हासिल गर्न सकिने बताए । मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशलाई पर्यटकीय केन्द्र बनाउनका लागि निरन्तर काम भइरहेको भन्दै अब धार्मिकस्थलसँग पर्यटकलाई जोड्न त्रिवेणीधामदेखि मुक्तिनाथसम्मका विभिन्न स्थानमा धार्मिक संरचना निर्माण गर्ने बताए।

सो अवसरमा पञ्चकोटधामका संस्थापक मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यले मुख्यमन्त्री एवम् मन्त्रीहरुलाई स्वागत गरेका थिए । स्वामी कमलनयनाचार्यले मुख्यमन्त्रीमार्फत गण्डकी प्रदेश सरकारसमक्ष पञ्चकोटमा निर्माणाधीन धार्मिक संरचनाहरुको पूर्णताका लागि सहयोगको अपेक्षा गरिएको बताएका थिए। त्यसपछि मुख्यमन्त्री पाण्डेले पञ्चकोटको विकासका लागि प्रदेश सरकारले निरन्तर सहयोग गर्दै जाने प्रतिबद्धता पनि व्यक्त गरे । यही फागुन ९ गतेदेखि सुरु भएको अनन्तश्री ब्राह्माण्डीय महायज्ञमा हरेक दिन विभिन्न विषयका सम्मेलनहरु भइरहेका छन् ।

## 'शिक्षा सुधारे विमानस्थलको भीड घट्छ'

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ फागुन

'हाम्रो शिक्षामा कमीकमजोरी छन् । शिक्षाले देशको भूमि हिमाल, पहाड र तराई जोड्न सक्नुपर्छ' यो भनाइ शिक्षाविद् डा राजेन्द्र केसीको हो । शिक्षाले समाज, राजनीति र हाम्रो भूगोललाई जोड्नुपर्ने उहाँको भनाइ छ ।

"हिजोआज समाचारमा त्रिभुवन विमानस्थल, विप्रेषण र रोजगारीको क्रममा अलपत्र परेका, विदेशमा मृत्यु भएका समाचार धेरै आउने गरेका छन्", शिक्षाविद् केसीले भन्नुभयो, "युवापुस्ता विदेशिने क्रम बढ्नु, हाम्रो शिक्षा प्रणालीले रोजगारी पाउने खालका जनशक्ति उत्पादन नगर्नु नै हो । ती समाचारका कारण पनि शिक्षा प्रणाली हो ।" शिक्षा प्रणाली सुधार गरी व्यावहारिक र रोजगारमुखी शिक्षा दिन सके विमानस्थलको भीड घट्ने उहाँले दाबी गर्नुभयो ।

बागलुङको पञ्चकोटमा जारी अनन्तश्री ब्रह्माण्डीय महायज्ञको तेस्रो दिन 'राष्ट्रिय शिक्षा प्रणालीको कार्यान्वयन' सम्मेलन आयोजना भएको थियो। सम्मेलनमा केसीलगायत शिक्षा क्षेत्रका जानकारको उपस्थिति थियो । सम्मेलनमा आएका धेरैले शिक्षा प्रणालीका कारण युवा विदेश जान बाध्य भएका भन्दै चिन्ता व्यक्त गर्नुभयो । "नेपालीले एक सय ७१ देशमा काम गरिरहेका छन् । तर आफैं देश बनाउन काम गरेनन्", केसीले भन्नुभयो, "अहिले दैनिक युवा विदेशिरहेका छन् । मुलुकका १८ विश्वविद्यालय खाली हुँदै गएका छन् ।" शिक्षालाई सीप र सीपलाई स्वरोजगारीसँग जोड्नुपर्ने तर्क पोखरा विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा प्रेमनारायण अर्यालले गनुभयो । "हामीले विद्या दिएनौं । शिक्षा दिन थाल्यौं । विद्या दिएको भए नम्र र चरित्रवान हुने थिएँ," उहाँले भन्नुभयो, "शिक्षालाई सीपसँग जोडनुपर्‍यो । विद्या र शिक्षालाई सँगसँगै लैजाने शिक्षा प्रणालीको विकास गर्नुपर्छ ।" अर्यालले राजनीति भनेको राम्रो नीति बनाउने भए पनि झगडा गराउने नीति जस्तो बनाइएको बताउनुभयो । "राजनीति भनेको राम्रो नीति हो । उच्चतम नीति हो । यहाँ राजनीति भनेको झगडा गराउने नीति भएको छ", उहाँले भन्नुभयो । विश्वविद्यालय राजनीतिक भर्ना केन्द्रका रुपमा विकास भएकामा अर्यालले चिन्ता व्यक्त गर्नुभयो । तोडफोड र अनुशासन उलङ्घन गर्नेहरु नै नीति बनाउने ठाउँमा पुग्ने गरेका उहाँको जिकिर थियो ।

धवलागिरि बहुमुखी क्याम्पसका प्रमुख प्राध्यापक डा रामप्रसाद उपाध्यायले मातृभाषा र स्थानीय पाठ्यक्रमलाई कार्यान्वयन गर्न नसक्दा विद्यार्थीलाई मुलुकमा रोक्न नसकिएको भन्दै चिन्ता व्यक्त गर्नुभयो । समय र सन्दर्भ अनुसार पाठ्यक्रम परिवर्तन गरेर जनशक्ति सीप सिकाएर लाई यही प्रयोग गर्नुपर्ने उहाँको धारणा छ । सम्मेलनमा प्राध्यापक डा विद्यानाथ कोइरालाले सोच एउटा बोक्ने काम अर्को गर्ने प्रवृत्तिका कारण वर्तमान शिक्षा प्रणालीमा समस्या देखिएको बताउनुभयो । उहाँले विशवविद्यालयका प्रमुखमा अन्तरदलीय चिन्तन बनाउँन नसक्दा समस्या भइरहेको उल्लेख गर्नुभयो । "अन्तरदलीय सरकार हुन्छ", प्रा डा कोइरालाले भन्नुभयो ,"अन्तरदलीय चिन्तन बनाउने नेतृत्व हुँदैन । समस्या त्यहीबाट भइरहेको हो ।" उहाँले अहिलेका बालबालिकाको शक्ति प्रविधि भएकाले प्राविधिक शिक्षामा बढी जोड दिनुपर्ने बताउनुभयो ।

"अहिलेका बालबालिकालाई प्रविधिसँग अभ्यस्त बनाउने किसिमको शिक्षा दिनुपर्छ । अलिकति किताबसँग, अलिकति जिन्दगीसँग र अलिकति आफ्नै अनुभूतिसँग जोडिदियो भने गतिलो अनुसन्धानकर्ता बन्छन् । अनुसन्धानकर्ताले अन्तर ाष्ट्रिय जगतमा काम गरेर मनग्य आम्दानी गर्न सक्छन्", प्रा डा कोइरालाले भन्नुभयो, "अहिले पुस्तक बोकेर हिँड्ने भन्दा पनि ज्ञान कम्प्युटरमा सबै हुन्छ । यसलाई प्रभावकारी रुपमा प्रयोग गर्न सिक्नुपर्छ । शिक्षक र शिक्षामा लाग्नेले यसको प्रयोगमा ध्यान दिनु आवश्यक छ ।" संस्कारसहितको शिक्षा अभियन्ता अन्जु भट्टराईले अहिले संस्कारसहितको शिक्षाको आवश्यकता रहेको बताउनुभयो । उहाँले नयाँ लक्ष्य, उद्देश्य र संस्कारसहितको प्रविधिसँग जोड्ने शिक्षा दिनु अहिलेको आवश्यकता रहेको बताउनुभयो ।

मुक्तिनाथ बाबा स्वामी कमलनयनाचार्यको अगुवाइमा पञ्चकोटमा बुधबारदेखि अनन्तश्री ब्रह्माण्डीय महायज्ञ सञ्चालन भइरहेको छ । यही फागुन २३ गतेसम्म सञ्चालन हुने महायज्ञमा दैनिक विविध कार्यक्रम र सम्मेलन हुँदै आएको छ ।

## अर्थतन्त्रको सुधारका लागि निजी क्षेत्रको सुझावअनुरुप काम गर्छु : प्रधानमन्त्री

**रासस**
गण्डमी, १३ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशको अर्थतन्त्र सुधारका लागि निजी क्षेत्रको सुझावअनुरुप सरकारले पहल गर्ने बताउनुभएको छ ।

नेपालको निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घसंस्थाका तर्फबाट प्रधानमन्त्रीलाई भेट्न गएका नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लसँग प्रधानमन्त्रीले सो धारणा राख्नुभएको हो ।

प्रधानमन्त्री दाहालले देशको अर्थतन्त्रको अवस्थाप्रति आफू गम्भीर रहेको र यसको सुधारका पक्षमा सरकारले काम पनि गरिरहेको जानकारी दिनुभएको ती संस्थाद्वारा जारी संयुक्त विज्ञप्तिमा जनाइएको छ । प्रधानमन्त्रीले देशमा व्यावसायिक वातावरणको निर्माणका लागि सरकार लागिपरेको पनि बताउनुभएको थियो । अर्थतन्त्रमा समस्या देखिएपछि आफू प्रधानमन्त्री भएदेखि नै निजी क्षेत्रको सल्लाह र सुझावका आधारमा काम गरेको र अहिले पनि निजी क्षेत्रको परामर्शअनुसार अघि बढ्ने उहाँले बताउनुभएको थियो । निजी क्षेत्रका संस्थाका अध्यक्षहरूले प्रधानमन्त्री दाहाललाई भेटी देशमा व्यावसायिक वातावरण निर्माण गर्न आग्रह गर्नुभएको थियो । उहाँहरूले प्रधानमन्त्रीसँग अर्थतन्त्र सुधार गर्न सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभएको थियो । बाह्य क्षेत्र सुधार हुँदै गए पनि बजार चलायमान हुन नसक्दा अर्थतन्त्र अझै पनि जोखिममा रहेको तथा औसतमा उद्योगहरू ४० प्रतिशतभन्दा कम क्षमतामा चलिरहेको भन्दै उहाँहरूले प्रधानमन्त्रीसमक्ष व्यावसायिक वातावरण निर्माण गर्न आग्रह गर्नुभएको प्रेस वक्तव्यमा जनाइएको छ । सो वक्तव्यमा भनिएको छ, "कोभिडपछिको तीव्र विस्तार व्यवस्थापन गर्न नसक्दा यो समस्या आएको हो । मूलतः सरकार र अन्य नियामक निकायहरूको नीतिका कारण अर्थतन्त्रमा साना व्यवसायीबाट सुरु भएको समस्या बैङ्क वित्तीय संस्थामा पुगिसकेको छ । बैङ्क वित्तीय संस्थापछि यसको असर सरकारको राजश्वमा समेत परिरहेकातर्फ निजी क्षेत्रले सरकारको ध्यानाकर्षण गराएको छ ।" "न्यून माग छ, निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण प्रतिकूल छ र आयोजना निर्बाध रूपमा चलाउन सकिएको छैन," महासङ्घ अध्यक्ष ढकालले भेटका क्रममा भन्नुभयो, "सरकार समस्या समाधानका लागि तत्पर हुनैपर्छ ।" उहाँले अख्तियार, सतर्कता केन्द्रजस्ता निकायले निजी क्षेत्रलाई हेर्ने प्रावधान न्यायसङ्गत नभएको हुँदा प्रस्तावित विधेयकहरूबाट यसलाई हटाउनुपर्नेमा जोड दिँदै व्यवसायीको सम्मानका लागि निजी क्षेत्रलाई पनि मर्यादाक्रममा समावेश गर्नुपर्ने माग अध्यक्ष ढकालले गर्नुभयो । भेटका क्रममा परिसङ्घका अध्यक्ष अग्रवालले व्यवसायीहरूलाई निर्बाध काम गर्ने वातावरण हुनुपर्ने धारणा राख्दै निजी क्षेत्रलाई हेर्ने व्यवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिनुभएको थियो । चेम्बर अध्यक्ष मल्लले घरजग्गा र शेयर कर्जामा रहेको जोखिम भारको व्यवस्थालाई एक सय प्रतिशतमा झार्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले एक सय २५ प्रतिशत जोखिम भार छ, यसलाई एक सय प्रतिशतमा घटाउन सके बजारमा माग बढछ ।" उहाँहरूले सो भेटका क्रममा 'रेमिट्यान्स' आप्रवाह र विदेशी मुद्राको सञ्चिति निकै बढी भए पनि मूलतः बजारमा माग नहुँदा व्यवसायी निराश भएको र ठूलो रकम बैङ्क वित्तीय संस्थाहरूमा थन्किएको बताउनुभएको थियो ।

त्यसैगरी, पछिल्लो समयमा लगानीको वातावरण बिथोल्ने गरी देशका विभिन्न स्थानमा विविध क्रियाकलाप भइरहेको जानकारी गराउँदै सरकारबाट स्वीकृति लिएर काम सुरु गरेका आयोजनामा समेत अनावश्यक अवरोध उत्पन्न गरिएको बताउँदै वित्तीय क्षेत्र लक्षित पछिल्ला गतिविधिले समेत अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्नसक्ने भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

## पोखरामा १८ र १९ फागुनमा स्क्वास प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन


आगामी १८ र १९ फागुनमा तेस्रो पोखरा महानगरपालिका स्तरीय स्क्वास प्रतियोगिता-२०८० हुने भएको छ । पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजना र स्क्वास राकेट एसोसिएसन, कास्कीको व्यवस्थापनमा दुई दिन प्रतियोगिता हुने भएको हो ।



स्क्वास राकेट एसोसिएसन, कास्कीसँग छलफलपछि चार वटा विधामा प्रतियोगिता हुने तय भएको खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए । खुला, महिला, ४५ माथि भेट्रान्स र प्रारम्भकर्ता (बिगिनर) गरेर चार विधामा प्रतिस्पर्धा हुने उनले बताए । प्रतियोगिता पोखरा रंगशालास्थित स्क्वास कोर्टमा प्रतियोगिता हुनेछ ।

प्रतियोगितामा प्रथम र द्वितीय हुनेले क्रमशः ८ हजार र ४ हजार रूपैयाँ नगदसहित मेडल र प्रमाणपत्र पाउने आयोजकले जनाएको छ । तृतीय हुने दुई जनाले २/२ हजार नगदसहित मेडल र प्रमाणपत्र पाउने छन् । पोखरा रंगशालास्थित कोर्टमा गएर वा स्क्वास राकेट एसोसिएसन कास्कीको फेसबुक पेजमा गएर त्यहाँ राखिएको लिंकमार्फत गुगल फारम भर्न सकिने एसोसिएसन कास्की अध्यक्ष प्रवीण पालिखेले जानकारी दिए ।

आगामी १६ फागुनसम्म फारम भर्न सकिने छ । प्रतियोगितामा चार वटा विधामा ७० जना खेलाडी सहभागी हुने अनुमान छ । स्क्वास इन्डोर गेम हो । यसमा र्‍याकेटको सहायताले रबर बललाई अगाडिको भित्तामा हानिन्छ । शारीरिक सक्रियता बढी हुने भएकाले यो खेल २० मिनेट खेल्नु र एक घण्टा दौडनु बराबर भएको मानिन्छ । सन् १९७७ मा बत्तीसपुतली स्क्वास क्लबको स्थापना भएपछि नै नेपालमा यो खेल भित्रिएको थियो । बेलायतका आर्टिटेक्चर जोन स्यान्डीसँग मिलेर मुरारीशमशेर राणाले यो खेल नेपाल भित्र्याएका थिए । सन् १९८८ मा नेपाल स्क्वास तथा र्‍याकेट संघ राखेपमा दर्ता भएको थियो । राखेपबाट राष्ट्रिय संघको मान्यता पाए पनि स्थापना भएको ३४ वर्ष बित्दा समेत यो खेल नेपालमा अन्य र्‍याकेट खेलसरह स्थापित हुन सकेको छैन । पोखरामा पनि स्क्वास खेल्न रंगशालाभित्र दुई वटा कोर्ट छन् । यो खेललाई चिनाउन प्रतियोगितापछि विद्यार्थीसम्म पुग्ने र खेलाडी उत्पादनमा जोड दिने अध्यक्ष पालिखेले बताए ।

# पोखरा कप क्रिकेटः मदरल्यान्ड र कास्की मोर्डनाइज विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

पोखरा रंगशालाको क्रिकेट मैदानमा जारी एक्सपर्ट पोखरा कप विद्यालयस्तरीय क्रिकेट प्रतियोगितामा मदरल्यान्ड माध्यमिक विद्यालय र कास्की मोर्डनाइज विजयी भएका छन् ।

आइतबार पाचौं दिनको खेलमा मदरल्यान्डले बालमन्दिर माध्यमिक विद्यालय र कास्की मोर्डनाइजले छोरेपाटन माध्यमिक विद्यालयलाई पराजित गरेका हुन् । पहिलो खेलमा मदरल्यान्डले बालमन्दिरलाई २३ रनले पराजित गरेको हो । मदरल्यान्डले दिएको १२४ रनको लक्ष्य पछ्याएको बालमन्दिरले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै मात्र एक सय रन मात्र बनाउन सक्यो । बालमन्दिरका सुन्दर मगर २३ र सुमन अधिकारीले २१ रन जोडेपनि टिमलाई जिताउन सकेनन् । बलिङमा मदरल्यान्डका अर्पित पौडेलले २ विकेट लिए



यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको मदरल्यान्डले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १२३ रन बनाएको थियो ।

मदरल्यान्डका दशरथ सुवेदीले सर्वाधिक २६ रन जोडे । सन्दीप विकले २२ र किरण पौडेलले १८ रनको योगदान दिए । बालमन्दिरका मदन ढुंगाना, आदित्य देवकोटा र सागर आचार्यले २-२ विकेट लिए । मदरल्यान्डका दशरथ सुवेदी प्लेयर अफ द म्याच घोषित भए ।

आइतबार नै भएको दोस्रो खेलमा कास्की मोर्डनाइजले छोरेपाटन माविलाई ४७ रनले पराजित गरेको हो । कास्की मोर्डनाइजले दिएको ११४ रनको लक्ष्य पछ्याएको छोरेपाटन मावि १३ ओभर ३ बलमा ६६ रनमा समेटिएको हो । छोरेपाटनलाई सस्तोमा समेट्न कास्की मोर्डनाइजका कप्तान सोहिल कुँवरले सर्वाधिक ४ विकेट लिए । नर्मत सुवेदीले ३ विकेट लिए । ब्याटिङमा छोरेपाटनका तिलोचन सुवेदीले सर्वाधिक १६ रन बनाए । अन्य ब्याटरले क्रिजमा टिकेर खेल्न सकेनन् ।

यसअघि पहिला ब्याटिङ गरेको कास्की मोडनाइजले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ११३ रन बनाएको थियो । कास्की मोडनाइजका लागि कप्तान सोहिल कुँवरले ६८ र मन्जित थापाले १४ रन जोडेका थिए । बलिङमा छोरेपाटनका प्रसान्त भण्डारीले ह्याट्रिकसहित ४ विकेट लिएका थिए । कास्की मोर्डनाइजका कप्तान सोहिल कुँवर प्लेयर अफ द म्याच चुनिए । बि बग ईभेन्ट्सको आयोजनामा तथा एक्स्पर्ट एजुकेसन एण्डा भिसा सर्भिस पोखराको प्रायोजनमा पोखरा रंगशालाको क्रिकेट मैदानमा जारी प्रतियोगितामा कास्कीका १२ विद्यालय सहभागी छन् ।

उपाधि प्रतियोगिताका विजेताले ८० हजार रुपैयाँ बराबरको क्रिकेट किट र उपविजेताले ४० हजार रुपैयाँ बराबरको क्रिकेट किटसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

# नेपाल नेदरल्याण्ड्ससँग आठ विकेटले पराजित

**रासस**
काठमाडौं, १३ फागुन

घरेलु मैदानमा भएको आइसिसी पुरुष क्रिकेट विश्वकप लिग दुईअन्तर्गत त्रिकोणात्मक शृङ्खलाको अन्तिम खेलमा नेपाल नेदरल्यान्डससँग आठ विकेटले पराजित भएको छ ।

जितका लागि नेपालले दिएको एक सय ७३ रनको सामान्य लक्ष्य नेदरल्यान्डसले ३७ दशमलव पाँच ओभरमा दुई विकेट गुमाउदै पूरा गऱ्यो । नेदरल्यान्डसको जितमा विक्रमजित सिंहले सर्वाधिक ५८ रनको योगदान दिए । त्यसैगरी साइब्रान्ड एंगलब्रेक्टले ४६ रन बनाउदा माइकल लेभिटले ३९ रन र म्याक्स ओडाउडले २८ रन जोडे । नेपालका लागि ललित राजवंशी र दीपेन्द्र सिह ऐरीले समान एक/एक विकेट लिए ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४९ दशमलव तीन ओभरमा सबै विकेट गुमाउदै एक सय ७२ रनको योगफल बनाउन सक्यो । नेपालका लागि कुशल भुर्तेलले ९३ बल खेल्दै आठ चौकाको मद्दतमा ६६ रन बनाए । त्यस्तै करण केसीले २६ रन बनाउदा आरिफ शेखले २२ रन जोडे ।

आसिफ शेखले १७, कप्तान रोहितकुमार पौडेलले १६, अनिल शाहले सात र गुल्शन झा पाँच रन बनाए । नेदरल्याण्डसका आर्यन दत्त र भिभियन किङ्माले समान तीन/ तीन विकेट लिए । यसैगरी बास डि लिडेले दुई विकेट लिँदा रोलेफ भान डर मर्वेले एक विकेट लिए । यस जितसँगै नेदरल्यान्डसले प्रतियोगितामा चार अङ्क जोडेको छ । नेदरल्यान्डसले नामिबियालाई पहिलो खेलमा सात विकेटले हराएको थियो भने दोस्रो खेलमा नामिबियासँग २४ रनले पराजित भएको थियो । नेपालले लिग- २ को पहिलो चरणको खेल सकिदा दुई अङ्क बटुलेको छ । नेपालले नेदरल्यान्डसलाई नौ विकेटले पराजित गरेको थियो भने नामिबियासँग पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा दुई विकेटले पराजित भएको थियो ।

नामिबियाले तीनमा जित हासिल गर्दै छ अङ्क बटुलेको छ । नामिबिया लिग दुईको शीर्ष स्थानमा छ । नेदरल्यान्डस चार खेलमा दुईमा जित तथा दुई खेलमा हार बेहोर्दै चार अङ्कका साथ दोस्रो स्थानमा छ । समान चार खेल खेलको नेपालले एकमा जित तथा तीनमा हार बेहोर्दै दुई अङ्कका साथ अङ्क तालिकाको तेस्रो स्थानमा छ ।

# कामना टोल बिकास संस्थाद्धारा विभिन्न ब्याक्तिहरु सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

पोखरा महानगरपालिका वडा नम्बर १० मा रहेको कामना टोल बिकास संस्थाले पत्रकार एमबी आस्था सहित विभिन्न ब्याक्तिहरुलाई सम्मान गरेको छ ।

कामना टोल बिकास संस्थाको तेह्रौं साधारण सभा तथा छैठौं अधिवेशनको अवसर पारि संस्थालाई अतुलनिय योगदान गरेको भन्दै पत्रकार एमबी आस्था मगर, हिमालय बखेल, सुक बहादुर गुरुङ , सीमा गुरुङ र अमृता गुरुङलाई सम्मान गरेको हो ।

सो अवसरमा वोल्दै



पोखरा महानगरपालिका वडा नम्बर १० का अध्यक्ष राजेश गुरुङले आफु निर्वाचित भएर आएपछि वडामा रहेका भित्री सडकको स्तरोन्नतीमा ध्यान दिदा अमरसिंह देखी कालिका स्कुल र हिमालय बैंक देखि वडा कार्यालय सम्मको सडक अलपत्र परेको वताए । आगामी वर्षभित्रमा उक्त सडकको स्तरोन्नती गर्ने उनको प्रतिवद्धता रहेको थियो ।

यसैबिच संस्थाको तेह्रौं साधारण सभा तथा छैठौं अधिवेशनबाट आगामी दुई वर्षे कार्यकालका लागि पुनः कृष्ण बहादुर थापा अध्यक्षमा निर्वाचित भएका छन ।

संस्थाको उपाध्यक्षमा जिवन वराल, सचिवमा डिल बहादुर कार्की, कोषाध्यक्षमा चन्द्र प्रसाद गुरुङ र सह कोषाध्यक्षमा सुक बहादुर गुरुङ निर्वाचित भएका छन ।

त्यसैगरी संस्थाको सदस्यहरुमा उमादेवी प्रधान, हुम कुमारी गुरुङ, डायमण्ड हमाल, रुद्र प्रसाद गुरुङ, राम प्यारी गुरुङ र राधा गुरुङ निर्वाचित भएका छन ।

# नेपाल पुस्तक तथा स्टेसनरी ब्यवसायी महासंघको केन्द्रीय अध्यक्षमा शर्माको उम्मेदवारी

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघको केन्द्रीय अध्यक्षमा ऋषिराम शर्माले उम्मेदवारी घोषणा गरेका छन् ।

मनकामना बुक्स एन्ड स्टेशनर्स महेन्द्रपुल पोखरामा बिगत ३० वर्षदेखि पुस्तक तथा स्टेशनरीको खुद्रा व्यवसाय गर्दै आएका शर्मा नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघको पुर्व उपाध्यक्ष हुन् । यहि फागुन १८ र १९ गते काठमाण्डौंमा आयोजना हुन लागेको महासंघको सातौं महाधिवेशनमा अध्यक्ष



पदमा आफूले उम्मेदवारी दिने घोषणा गरेको शर्माले आफू निर्वाचित भएमा महासंघको भवन र सचिवालय स्थापना गर्ने, पुस्तक, मसलन्द तथा स्टेशनरीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रदर्शनी गर्ने, पुस्तक प्रकाशक, उत्पादक, वितरक र खुद्रा व्यवसायीहरुका बीचमा सौहार्द्र सम्बन्ध स्थापना गर्ने बताए । महासंघको पुर्व उपाध्यक्ष रहेका शर्मा स्थापनाकालदेखी नै महासंघमा सक्रिय रहेर महासंघको विधान मस्यौदा समितिको विभिन्न पदमा बसेर सफल कार्य सम्पादन गरेका थिए भने बिशेषगरी शर्माले पुस्तक तथा स्टेशनरी व्यवसायमा खुद्रा व्यवसाय गर्दै आएका व्यवसायीहरुको अधिकारको लागी विशेष आवाज उठाउदै आईरहेका छन् । शर्मालाई नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ गण्डकी प्रदेशले सर्वसम्मत महासंघको केन्द्रीय अध्यक्षको रुपमा साझा उम्मेदवारको रुपमा अगाडी सारेको छ ।

# चार वर्षमा बन्यो देवघाट गाउँपालिकाको भवन

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ फागुन

तनहुँको देवघाट गाउँपालिकाको प्रशासकीय भवन साढे चार वर्षमा पूरा भएको छ । विसं २०७६ असारदेखि निर्माण थालिएको उक्त भवन हालै निर्माण सम्पन्न भएको हो ।

देवघाट गाउँपालिका-५ क्युँदीमा प्रशासकीय भवन निर्माण गरिएको गाउँपालिकाले जनाएको छ । केही दिनअघिसम्म गाउँपालिका भाडाको घरमा सञ्चालन हुँदै आएको थियो । दुई वर्षमा निर्माण पूरा गर्नेगरी निर्माण सुरु गरिए पनि बीचमा कोभिड-१९ तथा बजेट अभाव भएको थियो ।

अन्तिम पटक थपिएको म्याद माघ मसान्तमा सकिएको हो । सोही अवधिमा भवन निर्माण पूरा भएको गाउँपालिकाका इन्जिनियर तीर्थ ढुङ्गानाले जानकारी दिनुभयो ।

कूल रु सात करोड ५० लाख ४९ हजार पाँच सय ८० को लागत अनुमान रहे पनि बोलपत्र प्रक्रियामार्फत रविना अविसा जेभी काठमाडौँसँग रु पाँच करोड ४१ लाख ४९ हजार पाँच सय ८० मा सम्झौता भएको थियो ।

बहुवर्षीय योजनाअन्तर्गत सो भवन निर्माणका लागि हालसम्म गण्डकी प्रदेश सरकारले तीन वर्षमा रु ५०-५० लाखको दरले डेढ करोड उपलब्ध गराएको थियोभने बाँकी रकम गाउँपालिका आफैँले व्यवस्थापन गरेको थियो । गाउँपालिकाको प्रशासकीय भवन निर्माणपछि सेवा प्रवाहमा सहजता आउने गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले बताउनुभयो ।

# कास्कीका पालिका तहमा मुक्ति समाजको टार्गेट कन्भर्सनको अभिमुखीकरण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

मुक्ति समाज केन्द्रीय कमिटीद्वारा अघि सारिएको टार्गेट कन्भर्सन (न्याय, समानता र समृद्धिको लागि जागरण अभियान), २०८० देशभर संचालन छ ।

कास्कीको माछापुच्छ्रे गा.पा., अन्नपूर्ण गा.पा., रुपा गा.पा. र पोखरा महानगरपालिकामा टार्गेट कन्भर्सन कार्यक्रमको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । मुक्ति समाज पोखराको अभिमुखीकरण कार्यक्रममा मुक्ति समाज केन्द्रीय कमिटीका सचिव धन बहादुर नेपालीले समानता प्राप्तिको लागि संविधानको मौलिक अधिकार उत्पीडित समुदायको कानुनी अधिकार बारे बुझ्न आवश्यक भएको बताए । हरि सुनारको अध्यक्षतामा भएको कार्यक्रममा मुक्ति समाज केन्द्रीय सदस्य मनबुजा वि.क., किसान परियार लगायतले बोल्नुभएको थियो । रुपा गा.पा.मा मुक्ति समाज केन्द्रीय सचिवालय सदस्य प्रेम वि.क., ऋषि वि.क.ले अभियानबारे प्रष्ट पार्नुभएको थियो । त्यसैगरी माछापुच्छ्रे गा.पा.मा मुक्ति समाज स्थायी समिति सदस्य लाल बहादुर परियारले अभियानलार्य व्यवस्थित रुपमा संचालन गर्नु मुक्ति समाजका नेता कार्यकर्ताको मुख्य काम हो भन्नुभयो । कार्यक्रममा मंगल नेपाली, राममाया वि.क., होम नेपाली लगायतले अभियानको महत्वबारे बताउनुभएको थियो ।


अन्नपूर्ण गा.पा.मा नेकपा एमाले केन्द्रीय कमिटी सचिवालय सदस्य डि.वि.नेपालीले अभियानले पार्टी सशक्त बनाउने, मोर्चा संगठन परिचालित हुने र सबै खाले विभेद अन्त्य गर्न सहयोग पुग्ने बताउनुभयो । टार्गेट कन्भर्सन अन्तर्गत मुक्ति समाजले समाजमा सबै सराबरी मान्छे बराबरी भन्ने मूल मर्मलाई आत्मसात गरेर कार्यक्रम ल्याएको छ ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस्।
– थमस हाडी

## सम्पादकीय

# त्रिविको २० औँ उपकुलपतिमा प्राडा बराल

सरकारले त्रिभुवन विश्वविद्यालयको २० औँ उपकुलपतिमा प्राडा केशरजंग बराललाई नियुक्त गरेको छ। पोखरा विश्वविद्यालयको पूर्व उपकुलपति समेत रहेका प्राडा बराललाई प्रधानमन्त्री तथा कुलपति पुष्पकमल दाहाल प्रचण्डले नियुक्त गरेका हुन्। प्रधानमन्त्रीले पहिलो नम्बरमा रहेका बुढाथोकीलाई छाडेर बराललाई उपकुलपति नियुक्त गरेका हुन्। सिफारिस समिति स्रोतका अनुसार विभिन्न मापदण्डको आधारमा दिइएको अंकमा बुढाथोकी २ अंकले अगाडि थिए। शिक्षामन्त्री अशोककुमार राईको अध्यक्षतामा रहको सिफारिस समितिले प्रधानमन्त्री समक्ष बरालसहित चित्रबहादुर बुढाथोकी र टङ्कनाथ धमलालाई सिफारिस गरेको थियो। उहाँलाई नियुक्ति गर्नुअघि प्रधानमन्त्री दाहालले शिक्षामन्त्री एवं शिक्षा सचिवसँग उहाँको 'करिअर'का विषयमा जानकारीसमेत लिनुभएको थियो।

उपकुलपति पदका लागि दर्खास्त दिएका ४३ मध्ये प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि १४ जना छानिएकामा प्रस्तुतीकरण एवं अन्तर्वार्तापछि नियुक्तिका लागि तीन जनाको नाम सिफारिस गरिएको थियो। कुसुम शाक्य, केशरजंग बराल, गोविन्द सुवेदी, चित्र बहादुर बुढाथोकी, ज्ञानेन्द्रप्रसाद पौड्याल, टंकनाथ धमला, तीर्थराज खनियाँ, नारायणप्रसाद बेलवासे, प्रकाश घिमिरे, भोजराज अर्याल, महेन्द्रप्रसाद शर्मा, रामचन्द्र बस्नेत, शिवलाल भुसाल र सूर्यबहादुर थापाको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबारमा अन्तर्वार्ता लिएको थियो।

पदबहाली पछि बरालले आफ्नो पहिलो प्राथमिकता शैक्षिक क्यालेण्डर निर्माण र त्यसको पूर्ण कार्यान्वयन हुने बताउनुभएको छ। विश्वविद्यालयको उपकुलपति पदमा नियुक्त भएपछि उहाँले भन्नुभयो, “विश्वविद्यालयमा वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी त्यसको पूर्ण कार्यान्वयन अहिलेको आवश्यकता हो। यो मेरो पहिलो प्राथमिकतामा हुनेछ।” उहाँले त्रिभुवन विश्वविद्यालय देशको ठूलो संरचनायुक्त संस्था भएको र यसको सुधारका असङ्ख्य काम भएको भन्दै उहाँले समयमै परीक्षा सञ्चालन र नतिजा प्रकाशनका लागि पनि आफूले काम गर्नेसमेत उल्लेख गर्नुभयो। “विश्वविद्यालयले परीक्षा सञ्चालन र नतिजा प्रकाशन समयमै गर्नु निकै आवश्यक छ”, उहाँले भन्नुभयो, “यसका अलवा विश्वविद्यालयको पाठयक्रम अद्यावधिक पनि मेरो प्राथमिकतामा हुनेछ।”

बराल २०१४ सालमा पाल्पामा जन्मिएका २०३९ सालदेखि नेपालको उच्च शिक्षामा सक्रिय रहेका छन्। उनले २०३९ सालमा विराटनगरमा रहेको महेन्द्र मोरङ क्याम्पसबाट प्राध्यापन पेसा सुरु गरेका थिए। त्यसपछि उनी २०४१ सालमा पोखराको पृथ्वीनारायण क्याम्पसमा सरुवा भएर आए। पृथ्वीनारायण क्याम्पसमा पढाउँदै गर्दा उनी विश्वविद्यालयको वृत्ति विकास कार्यक्रम अन्तर्गत छात्रवृत्तिमा पढ्न बाहिर जाने मौका पाए। उनी २०५० सालमा विद्यावारिधि अध्ययनका लागि भारतको दिल्ली युनिभर्सिटीमा भर्ना भए। र उनले विद्यावारिधिको अध्ययन समयमै सकाए। अर्थात् २०५४ सालमा उनले पढाई सकाए। यसैगरी २०५५ सालमा दिल्ली युनिभर्सिटीले उनलाई विद्यावावारिधी (पीएचडी) को उपाधि प्रदान गऱ्यो। २०७७ सालमा त्रिविबाट सेवानिवृत्त भएका बराल २०३९ सालदेखि नेपालको उच्च शिक्षामा निरन्तर सक्रिय रहेका उनी कुनै पनि निजी क्याम्पसमा भने छैनन्।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वस्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बेनी–जोमसोम–कोरला सडकको तिप्ल्याङ खण्डका घरटहरा भत्काउन ताकेता

पोखरापत्र संवाददाता
म्याग्दी, १३ फागुन

बेनी-जोमसोम-कोरला सडकखण्ड अन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ तिप्ल्याङमा घरटहरा हटाउने प्रक्रिया सुरु गरिएको छ।

बेनी-जोमसोम-कोरला सडक योजनाले यही फागुन ११ गते एक सूचना जारी गरी फागुन २५ गतेभित्र तिप्ल्याङस्थित सडक छेउका घरटहरा हटाउन र क्षतिपूर्ति बुझ्न आह्वान गरिसकेको छ। सो क्षेत्रमा दुवैतर्फ नाली निर्माण गर्नुपर्ने भएकाले २० वटा घरटहरा र गोठ हटाउन लागिएको आयोजनाका सूचना अधिकारी विष्णु चापागाईंले बताउनुभयो।

“प्रभावितले क्षतिपूर्तिको दररेटमा असहमति जनाएपछि संरचना हटाउन सकिएको थिएन”, उहाँले भन्नुभयो, “संरचना नहट्दा सडक विस्तार र नाली निर्माण रोकिएको थियो।” उहाँले क्षतिपूर्तीको पुनःमूल्याङ्कन भएपछि स्थानीय रकम बुझ्न तयार भएकाले संरचना हटाउने प्रक्रिया सुरु गरिएको बताउनुभयो। गलेश्वरदेखि तातोपानी खण्डको अधिकांश ठाउँमा सडक विस्तार र संरचना निर्माण पूरा भइ कालोपत्रको तयारी गरिए पनि तिप्ल्याङ खण्डमा करिब सात सय मिटर सडक विस्तार र नाली निर्माण रोकिएको थियो। स्थानीयको मागअनुसार प्राविधिक टोलीले पुनःमूल्याङ्कन गरी क्षतिपूर्तिको रकम संशोधन गरेको थियो। सडक १२ दशमलव पाँच मिटर फराकिलो बनाउन लागिएको सूचना अधिकारी चापागाईंले बताउनुभयो। योजनाले म्याग्दीको गलेश्वरदेखि मुस्ताङको जोमसोम जोड्ने ७६ किलोमिटर दुरीको सडकको क्षेत्राधिकारमा पर्ने एक सय ७८ वटा घरगोठ र टहराको करिब रु आठ करोड क्षतिपूर्ति वितरण गर्न दुई वर्षअघि प्रक्रिया सुरु गरिएको थियो। सडकको क्षेत्राधिकारमा पर्ने स्थायी र अस्थायी संरचना पहिचान, नापजाँच र मूल्याङ्कन सकेर क्षतिपूर्ति वितरण अहिले पनि जारी छ। म्याग्दीमा ८० र मुस्ताङमा ९८ वटा घर, टहरा र गोठ हटाउने निर्णय गरिएको थियो। बेनी–जोमसोम सडकको क्षेत्राधिकारभित्र पर्ने अस्थायी र स्थायी संरचना पहिचान गर्न सघन सहरी विकास तथा भवन डिभिजन कार्यालय बागलुङका इन्जिनियरको नेतृत्वमा प्राविधिक टोलीले नापजाँच गरी क्षतिपूर्तिका लागि सिफारिस गरेको थियो। पछिल्लो व्यवस्था अनुसार सम्बन्धित आयोजना कार्यालयमार्फत सम्बन्धित संरचनाका धनीको बैंक खातामा रकम भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ। चीनको सिमाना कोरला नाका जोड्ने सडकलाई दुई लेनको बनाउन विसं २०७४ मा सुरु भएको आयोजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको छ।

# लायन्स क्लब अफ पोखरा डल्फिनको अध्यक्षमा गोबिन्द खड्का

पोखरापत्र संवाददाता
पोखरा, १३ फागुन

लायन्स क्लब अफ पोखरा डल्फिनको आगामी बर्ष सन् २०२४/०२५ को लागि गोबिन्द बहादुर खड्का नेतृत्वको नयां कार्यसमिति चयन भएको छ।

लायन्स अन्तरास्ट्रिय डिस्ट्रिक्ट ३२५ आई नेपाल अन्तर्गतको क्लब लायन्स क्लब अफ पोखरा डल्फिनको हालै पोखरामा सम्पन्न भएको कार्यक्रममा खड्का नेतृत्व नयाँ कार्यसमिति चयन भएको हो। त्यसै गरी लायन्स क्लब अफ पोखरा डल्फिनको द्वितिय उपाध्यक्षमा शेर बहादुर राना, तृतिय उपाध्यक्षमा लायन खिमलाल बरालि, सचिवमा गणेश बहादुर थापा, कोषाध्यक्षमा वामदेव पौडेल, सह- सचिवमा शिवराज रेग्मी, सह कोषाध्यक्षमा योगेन्द्र राज भण्डारी निर्वाचित भएका हुन्। कार्यक्रममा बोल्दै नवनिर्वाचित अध्यक्ष खड्काले समाज परिवर्तनमा आफ्नो कार्यकालमा समाजमा विभिन्न सामाजिक कार्य गर्ने जनाए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ चौतारी मार्ग लेन नं. ५ ठूली मजुवा बाटो मर्मत गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः चौतारी मार्ग लेन नं. ५ ठूली मजुवा बाटो मर्मत
ठेगानाः पोखरा-१५, ठूली मजुवा चौतारी मार्ग
योजना सम्झौता मितिः २०८०/०९/२२ गते
योजना सुरु मितिः २०८०/०९/२५ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/२५ गते
योजना सम्पन्न भएको मितिः २०८०/११/०६ गते
योजनाको कुल लागतः रु. ३,४३,४९१/-
महानगरपालिकाबाटः रु. ३,०९,१४२/-
उपभोक्ताबाटः रु.३४,३४९/-
अध्यक्षः एकराज गिरी सम्पर्क नं.: ९८०४१४८५१७
सचिवः टिकीसरा गर्वुजा तामाङ
कोषाध्यक्षः विर बहादर रामजाली

**चौतारी मार्ग लेन नं. ५ ठूली मजुवा बाटो मर्मत उपभोक्ता समिति पोखरा-१५, कास्की**


# दुर्घटनामा परेका नागरिकलाई गाउँपालिकाको बीमा खर्च

पोखरापत्र संवाददाता
गोरखा, १३ फागुन

गोरखाको भीमसेन थापा गाउँपालिकाले दुर्घटनामा परेका नागरिकलाई दुर्घटना बीमामार्फत उपचार बापतको रकम भुक्तानी गरेको छ।

पालिकाभित्रका सबै नागरिकको निःशुल्क रुपमा सामूहिक दुर्घटना बीमा गरिदिएको गाउँपालिकाले कार्यक्रम लागू भएपछि दुर्घटनामा परेका दुई जनालाई रकम भुक्तानी गरेको हो। बीमा पोलिसीअनुसार उपचारका क्रममा खर्च भएको रकम बीमामार्फत भुक्तानी गरिएको गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बन्जराले जानकारी दिनुभयो। “खाटमा सुतेका बेला लडेर घाइते भएका वडा नं ७ स्थित बोर्लाङका डिल्लीराम रेग्मी र धान कुट्ने मिलले औँला काटेर घाइते हुनुभएकी कल्पना श्रेष्ठलाई वडामा पुगेर उपचारखर्च उपलब्ध गराएका हौँ”, उहाँले भन्नुभयो, “पालिकाले राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग गरेको सम्झौताअनुसार दुर्घटनामा परेका नागरिकले उपचार खर्च पाएका छन्।”

गत असार ३१ गते खाटबाट लडेर घाइते हुनुभएका रेग्मीले उपचारका लागि खर्च भएको रु नौ हजार पाँच सय ७० र गत कात्तिक २ गते मिलले हात काटेर घाइते हुनुभएकी श्रेष्ठले रु तीन हजार तीन सय २५ बीमामार्फत प्राप्त गर्नुभएको हो।

पालिकाभित्रका सबै १६ हजार नौ सय ८६ नागरिकको निःशुल्क दुर्घटना बीमा गरिएको अध्यक्ष बन्जराले बताउनुभयो। राष्ट्रिय जनगणना २०७८ को अन्तिम प्रतिवेदनका आधारमा पालिकामा बसोबास गर्दै आएका तथा पालिका स्थायी ठेगाना भएका सबै नागरिकको सामूहिक दुर्घटना बीमा गरिएको उहाँको भनाइ छ।

अध्यक्ष बन्जराले भीमसेन थापा गाउँपालिका स्थायी घर भएका नागरिक कुनै प्रकारको दुर्घटना परे उपचार बीमा पोलिसी अनुसारको खर्च र ज्यान गुमाएमा सम्बन्धित व्यक्तिका परिवारले रु ५० हजार पाउने गरी पालिकाले निःशुल्क दुर्घटना बीमा गरिदिएको बताउनुभयो।

कम्पनीसँगको सम्झौता अनुसार दुर्घटनामा परेका दुवैजना बिमितले पोलिसीको अधिनमा रही सक्कली बिल बुझाएपछि कम्पनीले गाउँपालिकालाई रकम उपलब्ध गराएको कार्यक्रमका फोकलपर्सन जीवन सुर्खेतीले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त रकम पालिकाले बिमितलाई हस्तान्तरण गरेको हो।

# पर्वतका ग्रामीण सडकमा मोटरेबल पुल बन्दै

पोखरापत्र संवाददाता
पर्वत, १३ फागुन

पर्वतका ग्रामीण सडकमा चालू आर्थिक वर्षमा चारवटा मोटरेबल पुल निर्माण हुने भएका छन्। जिल्लाका विभिन्न क्षेत्रमा रहेका सडकलाई बाह्रैमहिना सञ्चालन गर्ने उद्देश्यले खोलामा मोटरेबल पुल निर्माण गर्न थालिएको हो।

पूर्वाधार विकास कार्यालय पर्वतका अनुसार मोदी गाउँपालिकाको लिदि खोला, पैँयू गाउँ गाउँपालिकाको सरौ र भोर्लेखोला तथा कुश्मा र फलेवास नगरपालिकाको सिमानामा पर्ने मर्ल्याङ्दीखोलामा मोटरेबल पुल निर्माण गरिने भएको हो। चार पुलमध्ये मोदी-६ र ८ को सिमानामा रहेको लिदिखोलामा १६ मिटर लामो पुल निर्माण धमाधम भइरहेको पूर्वाधार कार्यालयका प्रमुख गुरुदत्त अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार डिमुवा-राम्जा सडक खण्डमा पर्ने उक्त पुलको करिब ४० प्रतिशत निर्माण सकिएको छ। प्रमुख अधिकारीले रु दुई करोड ५३ लाखको लागतमा निर्माण हुन लागेको बताउनुभयो।

यो पुल निर्माणपछि मोदी-७ राम्जा, वडा नं ८ चित्रे र कुश्मा नगरपालिका-१४ आर्थरडाँडाखर्कका बासिन्दा लाभान्वित हुने छन्।

त्यस्तै, दक्षिण पर्वतको पैँयू गाउँपालिकामा पर्ने सरौ-बालाकोट सडक खण्डअन्तर्गत छत्तिसेघाट मोटरेबल पुलको निर्माण पनि तीव्र गतिमा भइरहेको पूर्वाधार कार्यालय पर्वतले जनाएको छ। करिब २५ मिटर लामो उक्त पुलको २० प्रतिशत भन्दाबढी काम सम्पन्न भइसकेको प्रमुख अधिकारीले जानकारी दिनुभयो। रु चार करोड ४३ लाखमा उक्त पुल निर्माण भइरहेको छ।

वर्षायाममा सरौखोलामा आउने ठूलो बाढीका कारण पैँयू गाउँपालिकाको सरौखोला र महाशिला गाउँपालिकाको होश्राङदी, भोसक्सिङ र बालाकोटका नागरिकले समस्या भोग्दै आएका थिए। पुल निर्माणपछि बाह्रैमहिना सहज रुपमा सडक सञ्चालन हुने विश्वास बढेको थानीय खगेन्द्र तिवारीले बताउनुभयो। कुश्मा-१० पीपलटारी र फलेवास-३ शङ्करपोखरी जोड्नेगरी मल्याङदीखोलामाथि मोटरबेल पुल निर्माणको प्रक्रिया अघि बढेको छ। पुल निर्माणका लागि बोलपत्र आह्वान भइसकेको कार्यालयले जनाएको छ। करिब १६ मिटर लामो यो पुल झण्डै रु चार करोडको लागतमा बन्नेछ। बहुवर्षीय योजनाअन्तर्गत निर्माण हुने उक्त पुल दुई वर्षभित्र सम्पन्न हुने अधिकारीले बताउनुभयो। यो पुलका लागि चालू आवमा रु ७५ लाख विनियोजन भएको छ। यसैगरी दक्षिण पर्वतको पैँयू गाउँपालिका-७ स्थित भोर्ले खोला पनि मोटरेबल पुलको निर्माण प्रक्रिया अघि बढेको छ। बहुवर्षीय योजनाअन्तर्गत निर्माण हुने यो पुलका लागि चालू आवमा रु ३० लाख विनियोजन भएको छ। यसै वर्ष बोलपत्र आह्वान प्रक्रिया पूरा गरी सम्झौता गरिने भन्दै आगामी वर्षको बजेटबाट पुल निर्माण सुरु हुने कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार चारवटै मोटरेबल पुलको निर्माण अवधि दुई वर्षको रहेको छ। आगामी दुई वर्षभित्र चारवटै पुल निर्माण सम्पन्न हुने छन्। निर्माणाधीन लिदिखोला र छत्तिसेघाट मोटरबेल पुल चालू आवमै सम्पन्न हुने उहाँको भनाइ छ। बजेटको सुनिश्चितता भएपछि बाँकी दुई पुल निर्माण थालिने प्रमुख अधिकारीले बताउनुभयो। मोटरेबल पुल निर्माणपछि बर्खायाममा ठप्प जस्तै हुने ती सडक सञ्चालन हुने भन्दै स्थानीय खुसी भएका छन्।


## निजि जग्गा उत्खनन आयोजना/ कार्यक्रमको वातावरणिय अध्ययन प्रतिवेदन तयारी सम्बन्धि सर्वजनिक सूचना

प्रकाशन मिति २०८०/११/१४ गते

गण्डकी प्रदेश कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ स्थित कित्ता नं. ८९२, ८९३, ८९४, ८९५, बाट औद्योगिक माटो उत्खनन् गर्नु पुर्व प्रारम्भिक बातावरणिय परीक्षणद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | सेती गण्डकी क्र.उ.प्रा.लि. मा.पु.गा.पा.-४, setigandakicrusher64@gmail.com ९८५६००२२६८ |
| प्रस्तावको व्यहोरा | आयोजना/ कार्यक्रमको मुख्य विषेशता उल्लेख गर्ने : उत्खनन |
| प्रभाव पर्न सक्ने क्षेत्र | कास्की जिल्ला माछापुच्छ्रे गा.पा.-४ वाडं नं. |

माथी उल्लिखित प्रस्तावको बातावरणिय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणाली बिच के कस्तो सकारात्मक तथा नकरात्मक प्रभाव पर्दछ भनी यकिन गर्न माछापुच्छ्रे गाउँपालिका ४ वडा समिति, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | सेती गण्डकी क्र. उ. प्रा.लि., माछापुच्छ्रे-४, setigandakicrusher64@gmail.com फोन नं. ९८५६००२२६८ |
| परामर्शदाताको नाम र ठेगाना: | एम्बिएन्स कन्सल्टेन्सि प्रा.लि. इमेल aacicssz@gmail.com, फोन नं. ९८४६७०२२१८ |

# सबलाइम माविको २८ औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, १३ फागुन



पोखरा ७ रत्नचोकस्थित सबलाइम अङ्ग्रेजी माध्यमिक विद्यालयको २८ औं वार्षिकोत्सव, पुरस्कार वितरण तथा विविध साँस्कृतिक कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगर शिक्षा विकास तथा समन्वय एकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले आफ्ना सन्तानलाई सकरात्मक कुरा र जीवनोपयोगी सिप घरमै सिकाउन अभिभावकले समय छुट्याउन अपरिहार्य रहेको बताए। आचार्यले पढाइसँगै सिकाइ आवश्यक रहेकोले समयसमयमा अभिभावक र शिक्षक बिच अन्तरक्रिया गरी विद्यार्थी आफैले अध्ययनसँगै अभ्यास र अनुसन्धान गरी अब्बल बन्न कोसिस गर्नुपर्ने बताए। गुणस्तरीय तथा समयसापेक्ष शिक्षामा जोड दिँदै पोखराको शैक्षिक क्षेत्रमा सबलाइमको भूमिका महत्वपूर्ण रहेको धारणा राखे। हिसानका केन्द्रीय उपाध्यक्ष बिरहादुर बुढाथोकी, पोखरा ७ का वडाध्यक्ष राममोहन आचार्य, प्याब्सन गण्डकी प्रदेश सचिव विश्वराज बास्तोला, प्याब्सनका केन्द्रीय सल्लाहकार गणेशमासिंह भण्डारी, राष्ट्रिय परीक्षा बोर्ड गण्डकी प्रदेश परीक्षा व्यवस्थापन कार्यालयकी वरिष्ठ अधिकृत ईश्वरी शाह पाण्डे, प्याब्सन कास्कीका उपाध्यक्ष विष्णुप्रसाद तिमिल्सिना, हिसान कास्कीका अध्यक्ष दिवाकर जैसी, प्याब्सन कास्कीका अध्यक्ष मथुराप्रसाद पौडेल, अभिभावक सुरेश रानाभाट विद्यार्थी आयुष ज्ञवाली लगायतका वक्ताले विद्यालयको प्रगति र उन्नतिका लागि शुभकामना मन्तव्य राखेका थिए। विद्यालयले दिने शिक्षासँगै माटोप्रतिको ममता जगाउन, अनुशासन र संस्कार सिकाउन अपरिहार्य रहेको शुभकामना दिने वक्ताहरूको धारणा रहेको थियो। कार्यक्रममा विद्यार्थीले सामूहिक नृत्य, लोकनृत्य, सचेतनामूलक नाटक, विभिन्न जनजातिका नृत्य, कराँते प्रदर्शन, अबाकस सिप प्रदर्शन एवम् बालगीत लगायतका प्रस्तुति राखेको थिए।

अतिरिक्त क्रियाकलाप अन्तर्गत् आधारभूत तहका ससाना विद्यार्थीले फेसन सो प्रस्तुति गरेका थिए। विद्यालयका शिक्षक तथा शिक्षिकाको सामूहिक नृत्य आमन्त्रित अतिथि र अभिभावकले चाख मानेर हेरेका थिए। शैक्षिक कार्यक्रमतर्फ कक्षा नर्सरीदेखि १२ कक्षासम्मका उत्कृष्ट जिपिए ल्याउने विद्यार्थीलाई पुरस्कृत गरिएको थियो। सबलाइम स्कुलमा पढेका पूर्व विद्यार्थी डाक्टर प्रतीक्षा पौडेल, इन्जिनियर राजन पौडेल, पाइलट राजन कार्की, सिए विक्रम पराजुली, गायक सुमन खड्का, सर्प विशेषज्ञ रोहित गिरी र पत्रकार हरि पन्तलाई सम्मान गरिएको थियो। वि.सं. २०५२ सालमा स्थापित विद्यालयमा हाल नर्सरीदेखि १२ सम्म ११ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। आफ्नै भवनमा सञ्चालित विद्यालयले कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन र होटल म्यानेजमेन्टको पढाइ सञ्चालन गर्दै आएको छ। २०८० सालमा एसइइ र १२ कक्षा उत्तीर्ण विद्यार्थीलाई सम्मान गरिएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् संस्थापक निर्देशक त्रिभुवन पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा प्रिन्सिपल पुष्पराज पराजुलीले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए भने नेपाली विभाग प्रमुख कमलापति शर्माले कार्यक्रम सञ्चालन गरेको थिए।



दादुरा-रुबेला बिरुद्धको खोप लगाउँदै : गोरखामा आइतवारदेखि सुरु भएको दादुरा-रुबेला खोप अभियानका क्रममा बालबालिकालाई दादुरा रुबेला बिरुद्ध खोप लगाउँदै स्वास्थ्यकर्मी। तस्बिर : दीपक श्रेष्ठ/रासस

# कोदोबाट बिस्कुट उत्पादन

पोखरापत्र संवाददाता
बागलुङ, १३ फागुन

पुरानो खाद्यन्न बाली कोदोलाई बागलुङमा 'ब्रान्डिङ' गेरेर यसको पिठोबाट बिस्कुट उत्पादन गर्न थालिएको छ। घरेलु उद्योगमार्फत काठेखोला गाउँपालिका-८ लेखानीका युवा चानसिंह श्रीसले कोदोको बिस्कुट उत्पादन गेरेर बिक्री गर्न थाल्नुभएको छ।

गाउँमै उद्यम गेरेर स्वरोजगार बन्नका लागि सात वर्षदेखि कोदोको बिस्कुट बनाउने विषयमा अध्ययन तथा अनुसन्धानपछि उहाँले कादोको बिस्कुट उत्पादनमा सफलता हासिल गर्नुभएको हो। विस २०७७ मा सो उद्योग स्थापना भएको थियो। लामो समयदेखि आलु, कोदो, जौ र मकैको बिस्कुट बनाउनका लागि अध्ययनपश्चात् पहिलो चरणमा कोदोको बिस्कुट उत्पादन गरेको युवा व्यवसायी श्रीसले जानकारी दिनुभयो। कोदोपछि आलुको बिस्कुट बजारमा पठाउने उहाँको योजना रहेको छ।

"जागिरको मानसिकता थिएन, पाँच वर्ष काठमाडौँमा रेष्टुराँ व्यवसाय गरे, पढाइमा स्नातक सके पनि जागिर खाइन, कोरोनाकालमा गाउँ फर्केपछि रेष्टुराँ बन्द भयो, यही उद्योगमा लागे", उहाँले भन्नुभयो, "रु ५० लाख लगानीमा कोदोको बिस्कुट बजारमा पुऱ्याएको छु, अहिले धेरै स्थानबाट कोदोको बिस्कुटको माग बढिरहेको छ, कोदोको बिस्कुटको निकै राम्रो सम्भावना देखेको छु।" कुनै समय गरिबको खानाको रुपमा चिनिएको कोदोको परिकारको महत्व पछिल्लो समय बढिरहेको सन्दर्भमा युवा व्यवसायी श्रीसले नेपालमै पहिलोपटक कोदोको बिस्कुट बजारमा ल्याएको दाबी गर्नुभयो। आफूले सिए अध्ययन गर्ने क्रममा विभिन्न उद्योगको अवलोकन भ्रमणको क्रममा बिस्कुट कम्पनीको अध्ययन गरेको बताउँदै सिए बन्ने सपना पूरा नभए पनि उद्यमी बन्ने सपना पूरा गर्नतर्फ लागेको बताउनुभयो। उहाँले अहिले गुणस्तरीय प्याकेटमा ७० ग्रामको कोदोको बिस्कुटलाई रु २० मा बजार पठाएको बताउनुभयो।

उद्योग स्थापनाका लागि गण्डकी प्रदेश सरकारले ग्रामीण साना घरेलु उद्योग स्थापना कार्यक्रमअन्तर्गत रु १० लाख अनुदान पाएपछि आफूले उद्योग सुरु गरेको उहाँको भनाइ छ। गाउँमा रहेको कच्चा पदार्थ कोदोलाई ब्रान्ड बनाउन सके कोदोको उत्पादन बढ्ने उहाँको भनाइ छ। "पछिल्लो समय कोदो खेती कम हुँदै आएको छ, संरक्षण गर्नुपर्ने अवस्थामा पुग्न थालेको कोदोलाई गाउँमै उद्योग स्थापना गरी बिस्कुट उत्पादन गरेर बजारीकरण गर्दा कोदो उत्पादक किसानसमेत उत्साहित हुन थालेका छन्", उहाँले भन्नुभयो, "बजारमा गहुँ, जौ र मकैको बिस्कुट आए पनि कोदोको बिस्कुट आएको थिएन, कोदो, गहुँ, घ्यू र तेलको समिश्रणमा उक्त बिस्कुट तयार हुन्छ, माग बढ्दै गएपछि उत्पादन बढाउने योजनामा छु।"

जिल्लाको बजारमा बिक्रीका लागि पठाइएको कोदोको बिस्कुटको माग बढेको मात्रै छैन नमूना बजारीकरणका लागि पोखरा र काठमाडौँको सुपर मार्केटमा समेत पठाएको उहाँको भनाइ छ। आफूले उत्पादन गरेको बिस्कुट खाद्य तथा गुण नियन्त्रणको कार्यालयबाट प्रमाणित भइसकेपछि बजारमा पुगेको हो। अर्गानिक गाउँको उत्पादित कोदोबाट बनाइएको बिस्कुटले स्वास्थ्यलाई समेत फाइदा गर्ने उहाँको भनाइ छ।

दैनिक ६० केजी बिस्कुट उत्पादन गर्ने क्षमता उद्योगको रहेको छ। उद्योगमा अहिले दुई जनालाई प्रत्यक्ष रोजगारीसमेत दिइएको छ। कोदोको बिस्कुटको प्याकेजिङमा कृषि ज्ञान केन्द्रले सघाउने उहाँको भनाइ छ।

# विद्यार्थीले बनाएका चित्र महोत्सवको आकर्षण

पोखरापत्र संवाददाता
दमौली, १३ फागुन

तनहुँका आँबुखैरेनी गाउँपालिका-१ स्थित मित्रता माध्यमिक विद्यालयका विद्यार्थीले बनाएका चित्र आँबुखैरेनी महोत्सवमा राखिएका छन्। बिहीबारदेखि सुरु भएको दोस्रो आँबुखैरेनी महोत्सवमा राखिएका चित्रले महोत्सवमा आकर्षण थपेको छ।

'पढ्दै कमाउँदै' कार्यक्रमअन्तर्गत कक्षा ११ मा अध्ययनरत २० जना विद्यार्थीले चित्रकला सीप सिकेर आफूले बनाएका विभिन्न किसिमका चित्र प्रदर्शनीमा राखेका छन्। महोत्सव आयोजकले विद्यार्थीका लागि एउटा स्टल निःशुल्क उपलब्ध गराएको छ। विद्यार्थीले सिकेका सीप सर्वसाधारणलाई प्रदर्शन गर्न र चित्रहरु बिक्रीका लागि महोत्सव उपयुक्त स्थान बन्न सक्ने विश्वास गरिएको चित्रकला प्रशिक्षक पवन नेपालीले राससलाई जानकारी दिनुभयो। "महोत्सवमा आउने सर्वसाधारणले विद्यार्थीले बनाएका चित्र मन पराउनुभएको छ", उहाँले भन्नुभयो, "चित्रहरुको माग पनि आइरहेको छ। मन परेका चित्र बिक्रीको व्यवस्था मिलाएका छौं।" पहिलो चरणमा बनाएका चित्रहरु विद्यालयमा राखिने र माग आएका चित्र विद्यार्थीले पुनः बनाएर बिक्री गर्ने तयारी गरिएको नेपालीले जानकारी दिनुभयो। चित्रकलाको सीप सिकाएर विद्यार्थीलाई आत्मनिर्भर बनाउने उद्देश्यसहित गाउँपालिकाको सहयोगमा कार्यक्रम लागू गरिएको उहाँको भनाइ छ। विद्यार्थी मनिषा भुजेलले सीप सिकेपछि चित्र बनाएर बिक्री गर्न सक्ने भएको बताउनुभयो। आफैंले बुनेका बाँसको नाइलोमा चित्र बनाउनुभएकी उहाँले पहिलो प्रयासमा नै राम्रो प्रतिक्रिया पाएको बताउनुभयो। भुजेलले बलात्कारपछि हत्या गरिएकी निर्मला पन्तको चित्र कोर्नुभएको छ। भविष्यमा चित्रकलालाई निरन्तरता दिने भन्दै चित्र बिक्री गरी पढाइखर्च व्यवस्थापन गर्ने सोच बनाएको उहाँको भनाइ छ। विद्यार्थी अम्बिका भुजेलले पहिलो महिनाबारीको अवस्थालाई चित्रमार्फत् चित्रण गर्नुभएको छ। महिनाबारी प्राकृतिक कुरा भएकाले लजाउन हुँदैन भन्ने सन्देश दिन सोही अनुसारको चित्र कोरेको उहाँले बताउनुभयो। विद्यार्थी दीपक देवकोटाले ऐनापहरा र हात्तीको आकृतिलाई चित्रमार्फत् उतार्नुभएको छ। गाउँपालिकाभित्रका पर्यटकीयस्थललाई चित्रमार्फत् प्रवर्द्धन गर्नुपर्ने भन्दै उहाँले यहाँका पर्यटकीयस्थललाई कागजमा उतारेको उहाँले बताउनुभयो। विद्यार्थीलाई पढाइसँगै सीप सिकाएर आत्मनिर्भर बनाउन यो कार्यक्रम सुरु गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो। सैद्धान्तिक पढाइसँगै व्यावहारिक शिक्षालाई पनि समानान्तर रुपमा अघि बढाउने योजनासहित पालिकाको विभिन्न कार्यक्रममध्ये चित्रकलालाई पनि प्राथमिकतामा राखेर अघि बढाएको उहाँको भनाइ छ। अध्यक्ष चुमानका अनुसार गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार पढ्दै कमाउँदै कार्यक्रममार्फत् विद्यालयमा चित्रकला तालिम प्रदान गरिएको हो। विद्यार्थीले बनाएका चित्रको प्रदर्शन गर्दै उनीहरुको प्रतिभालाई सम्मान गर्न निःशुल्क स्टलको व्यवस्था गरिएको महोत्सव मूलसमारोह समितिका संयोजक एवं तनहुँ उद्योग वाणिज्य सङ्घ आँबुखैरेनीका सभापति भगवान श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार महोत्सवमा सांस्कृतिक पर्यटनी, धार्मिक एवं ऐतिहासिकस्थलको अवलोकन, कृषि तथा पशु फार्म, उद्योग तथा विद्युत् उत्पादन केन्द्रको अध्ययन अवलोकन आकर्षणको रुपमा रहेका छन्। महोत्सवको मुख्य आकर्षणमा आँबुखैरेनीदेखि छिम्केश्वरीसम्मको दुई दिने प्याकेज भ्रमणको व्यवस्था रहेको श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार महोत्सवमा विभिन्न जातजातिको संस्कृति, भेषभूषा, खानपानको प्रदर्शनीसँगै विविध लोक सांस्कृतिक कार्यक्रम र खेलकुद प्रतियोगिता हुनेछ। महोत्सवमार्फत यहाँ रहेका ऐतिहासिक सम्पदा र पर्यटकीयस्थल छिम्केश्वरी, आँधीमूल र मर्स्याङ्दी जलाशयमा जलक्रिडा, ऐनापहरालगायतको प्रचारप्रसार गरी आर्थिक उन्नतिमा टेवा पुऱ्याउने लक्ष्य लिइएको श्रेष्ठले बताउनुभयो।

# भूक्षयको कारण बन्दै ग्रामीण सडक

रासस
बागलुङ, १३ फागुन

हचुवाकाभरमा खनिएका ग्रामीण सडकका कारण भूक्षय र त्यसले निम्त्याएको जिउधनको क्षति बढ्न थालेको छ। पछिल्लो समय भइरहेका अधिकांश दुर्घटना, बाढी, पहिरो तथा भूक्षयको मुख्य कारण सडक देखिएको छ।

बागलुङको भुजीखोलामा गएको बाढी होस् या कुशीसेरामा गएको पहिरो होस् यी सबैको कारण ग्रामीण सडक रहेको पाइएको छ। भू तथा जलाधार कार्यालय पर्वतले दिएको तथ्याङ्कमा बागलुङ जिल्लामा तीन वर्षयतामात्रै एक दर्जनभन्दा धेरै बाढीपहिरोको प्रमुख कारण सडक भएको उल्लेख गरेको पाइएको छ। विकासका गतिविधिमध्ये करिब तीन दशकदेखि ग्रामीण सडक खन्ने अभियान सुरु भएकामा अहिले घरघरमा सडक पुऱ्याउने होडका कारण भूक्षयले क्षति भइरहेको पाइएको हो।

साविक धौलागिरि अञ्चलको पर्वत, म्याग्दी, बागलुङ र मुस्ताङको तुलनामा बागलुङमा सबैभन्दा बढी भूक्षयका घटना भएको भू तथा जलाधार कार्यालय पर्वतले जनाएको छ। स्थानीय जनश्रमदानबाट खनिने सडक अहिले ठूला उपकरणको सहायताले खनेर घरमै पुऱ्याउने परिपाटीका कारण ठूलाठूला बाढीपहिरो निम्ताउँदै जनधनको क्षति भएको हो। सोमध्ये बागलुङमा ठूला प्रकृतिको क्षति भएको पाइएको धौलागिरिलाई कार्यक्षेत्र बनाएको भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतका वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत दिवाकर पौडेलले राससलाई जानकारी दिनुभयो। विसं २०७७ मा ३७ जनाको ज्यान जानेगरी आएको भुजीखोलाको बाढी, विसं २०७९ को गलुवाको पहिरो, विसं २०७९ मै जैमिनीको टुनीबोटमा रहेको दुई जनाको सडक पहिरोले मृत्यु भएको, त्यसैगरी, वडाने पहिरो, जैमिनी नगरपालिका-१ घ्यूराको पहिरो, जैमिनी-९ को पहिरो, काठेखोला गाउँपालिका-१ करिना पहिरो, निसीखोला गाउँपालिका-३ को लुटिहारा पहिरो, बागलुङ नगरपालिका-१० भकुण्डे जुके ढुङ्गा पहिरोको मुख्य कारण अव्यवस्थितरुपमा खनिएका ग्रामीण सडक हुन्। बाढी पहिरोले क्षति पुऱ्याएको आसपासका सयौँ घर गोठ पहिरोको उच्च जोखिममा पर्दै विस्थापित भइरहेका छन्।

"वास्तवमा जनताको राहत र समृद्धिका लागि खनिएका सडक नै जनताको जनजीवन बर्बाद पारिरहेको र सडकले तत्काले मात्र नभएर दीर्घकालीनरुपमा असर पुऱ्याएको छ", पौडेलले भन्नुभयो, "यसको प्रत्यक्ष असर हामीले वर्षातमा मात्रै देखे पनि अव्यवस्थितरुपमा खनिएका सडकले सवारी दुर्घटना निम्त्याउने, जमिनको सतहलाई घटाउँदै लैजाने र बर्षादमा बाढीपहिरो निम्त्याउने गरेको पाइएको छ, अब सडक खन्न बन्द गर्नुपर्ने अवस्था आएको हाम्रो निष्कर्ष हो, अव्यवस्थित सडकले निम्त्याउने जोखिम कम गर्न निरन्तर बजेट खर्च भइरहे पनि नागरिक सचेत हुन आवश्यक छ।" सडकले बाढीपहिरो मात्रै निम्त्याएको छैन वन-जङ्गल, रुख बिरुवाको विनाश भएको र जस्ले गर्दा वन्यजन्तु र बहुमूल्य जडीबुटीको अस्तित्वमा समस्या पार्दै आएको पौडेलको भनाइ छ।

स्थानीय सरकारले हरेक वर्ष ग्रामीण सडकमा गरेको लगानीले जनतालाई राहत दिनुको सट्टा आहात दिन थालेको पाइएको छ। बाढीपहिरोले खेतीयोग्य जमिन बगर, उर्वराविहीन र क्षतिग्रस्त बनेका कारण उत्पादनमा समय ह्रास भएको स्थानीय किसान तुल्सीराम आचार्यले बताउनुभयो।

ग्रामीण सडक खन्दा वातावरणीय पक्षलाई ध्यानमा दिनु आवश्यक रहेको पौडेलको सुझाव छ। बागलुङको तमानखोला गाउँपालिका-२ कटेरीगाउँमा सडक पुगेको पाँच वर्ष भयो। कटेरी गाउँको छेउबाट खनेको सडकले स्थानीयवासीलाई असहज भएको भन्दै अहिले बस्तीमुनिबाट खनिएको सडकले बस्ती नै बगाउने खतरा देखिएको छ।

स्थानीयवासीले खाद्यान्न ढुवानी गर्दा सडक नपाएपछि तमानखोला गाउँपालिकाले जनताको मागअनुसार बस्तीमुनिबाट सडक विस्तार गरेको छ। बस्तीमुनिबाट सडक खन्दा बस्ती जोखिममा पर्ने भन्दै बस्ती छेउबाट खनिएको सडकले हामीलाई समस्या भयो भनेपछि कटेरी गाउँमा पुनःसडक खन्न बाध्य भएको तमानखोला गाउँपालिका अध्यक्ष जोकलाल बुढामगरले जानकारी दिनुभयो। "तमानखोलामा सडकका कारण ठूलो क्षति भएको पाइएको छैन तर सानातिना क्षति भइरहेकै हुन्छन्, नागरिकले दैलोमै सडक खोज्छन्, भिर पाखा भएको गाउँमा दैलोमै सडक पुऱ्याउन सकिँदैन, हुँदैन पनि", अध्यक्ष बुढामगरले भन्नुभयो, "तर कटेरीजस्ता भिरालो गाउँमा सडक गाउँमै पुऱ्याउनुपर्ने स्थानीयवासीको माग हुन्छ, विकास नगरौँ स्थानीयवासीको माग छ, विकास गरौँ विनाश हुन्छ।" सकभर सडक खन्दा कम क्षति हुनेगरी गाउँपालिकाले काम गरिरहेको उहाँको भनाइ छ। जथाभावी खनेका ग्रामीण सडकका कारण पानीका मुहान सुकाउने, कृषि उत्पादनमा ह्रास आउने, वातावरणीय र जलाधारीय अवस्थामा ह्रास आउने र समग्रमा जनताको जीवनस्तरमा प्रतिकूल प्रभाव पार्ने देखिएको छ।

# नि:सहायको शिक्षाका निम्ति अक्षयकोष स्थापना

रासस
गण्डमी, १३ फागुन

धादिङ-पोखरा सम्पर्क समाजले धादिङको गल्छी गाउँपालिका-२ स्थित कल्लेरी माविमा सात लाख ९७ हजार सात सय २० को अक्षयकोष स्थापना गरेको छ।

पूर्वशिक्षामन्त्री गङ्गालाल तुलाधरको उपस्थितिमा समाजका अध्यक्ष रामप्रसाद पाण्डे (राजु)ले विद्यालयलाई अक्षयकोषको रकम हस्तान्तरण गर्नुभएको हो। पूर्वशिक्षामन्त्री तुलाधरले कुनै पनि बालबालिका आर्थिक अभावले शिक्षा पाउनबाट वञ्चित हुन नहुने बताउँदै धादिङ-पोखरा सम्पर्क समाजको अक्षयकोष विद्यालयका लागि महत्वपूर्ण हुने बताउनुभयो। सामुदायिकविद्यालयकोशैक्षिकगुणस्तर सुधार गर्न सबैले पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

गल्छी गाउँपालिका अध्यक्ष केदारनाथ खतिवडाले कल्लेरी मावि पालिकाभित्रै उत्कृष्ट विद्यालय भएको दाबी गर्नुभयो।

समाजका अध्यक्ष पाण्डेले पोखरामा रहेका धादिङबासीले आफ्नो दैनिक खर्च कटाएर सामाजिक भावनाका साथ अक्षयकोष स्थापनार्थ सहयोग गरेको बताउनुभयो। कार्यक्रममा गल्छी गाउँपालिका-२ का वडाध्यक्ष षडानन्द खनाल, कार्यक्रम संयोजक एवं समाजका वरिष्ठ उपाध्यक्ष सरस्वती श्रेष्ठ, गाउँपालिका उपाध्यक्ष भाइकाजी तिवारी, समाजका पूर्वअध्यक्ष गोकर्ण लम्साल, पूर्वअध्यक्ष कृष्णबहादुर लम्सालगायतले अक्षयकोषले विद्यालयको शैक्षिक गुणस्तरीयता अभिवृद्धिमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

धादिङ मूल थलो भई पोखरामा विभिन्न सेवा पेसा र व्यवसायमा आबद्ध व्यक्तिहरूको साझा संस्थाका रुपमा रहेको समाजले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न काम गर्दै आएको छ।